श्री बजार ब्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समिति
मार्फत श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु
धनगढी उप-महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय, धनगढी ,कैलाली ।

विषय : अनुगमन प्रतिवेदन पेश गरेको बारे ।

उपरोक्त बिषयको सम्बन्धमा बजार ब्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिले तयार गरेको २०७९ साल माघ महिनाको कार्ययोजना अनुसार मिति २०७९ साल माघ १७ गते वडा नं. १ मा मोडेल क्लस्टर वाइज विषयक्षेत्रगत अनुगमन गर्दा देहाय अनुसार भए गरेको देखियको व्यहोरा वजार व्यवस्थापन ऐन,२०७९ को दफा २४को ४ अनुसार यसै प्रतिवेदन मार्फत जानकारी गराईएको व्यहोरा अनुरोध छ ।

अनुगमन गर्दा देहाय अनुसार सल्लाह दिईएको ।

| क्र.सं. | फर्मको नाम | सल्लाह दिईएका विषय | कैफियत |
|---|---|---|---|
| १. | साथी होटल | – ७ दिन भित्र फर्म नबिकरण गर्न हुन ।<br>– सर सफाई राख्न हुन ।<br>– प्लाष्टिक जन्य पदार्थ प्रयोग नगर्न हुन ।<br>– सड्ने र नसड्ने फोहर छुट्टा छुटै डस्टबिनमा राख्न हुन । | |
| २ | राम ब्रदर्स एंड सप्लायर्स | – राम ब्रदर्स एंड सप्लायर्स, राम ब्रदर्स र शैलेश्वरी डिस्ट्रिब्युटर नामक फर्मबाट कारोबार गरेको देखिएको तर राम ब्रदर्स एंड सप्लायर्स र राम ब्रदर्स नामको फर्म दर्ता भएको दिन देखि धनगढी उप-महानगरपालिकामा दर्ता नभएको देखियो र शैलेस्वरी डिस्ट्रिब्युटर २०७६ असाढ पछी नविकरण नभएकोले ७ दिन भित्र नविकरण गर्न लिखित रुपमा सल्लाह दिइयो ।<br>– एउटै गोदाममा म्याद सकिएको र म्याद नसकिएको खाद्य सामग्री (चाउ चाउ जन्य) र पेयपदार्थ जन्य राखिएको पाईएको हुँदा बजार व्यवस्थापन ऐन२०७९को दफा २९ को (ग) कसुरमा दफा ३०को १को (ग) बमोजिम रु १०००० (दश हजार ) जरीवाना गरियो । साथै म्याद सकिएका सामग्री तहाँबाट तत्काल कम्पनीमा फिर्ता पठाई लिखित रुपमा धनगढी उप-महानगरपालिकलाई जानकारी | |

०८३ १०।१८

CamScanner

| | | | |
|---|---|---|---|
| | | गराउन लिखित सल्लाह दिइयो।<br>– गोदाम व्यवस्थित मिलाई सामग्री भण्डारण गर्न लिखित सल्लाह दिइयो।<br>– फर्म संग सम्बन्धित सरकारी कागजात प्रष्ट देखिने गरि राख्न लिखित रुपमा सल्लाह दिइयो। | |
| ३ | राम्रो भरोसा फार्मेसी | - २०७८ साल अषाढ सम्म मात्र नविकरण भएकोले ७ (सात) दिन भित्र नविकरण गर्न लिखित रुपमा सल्लाह दिईएको।<br>– औषधीजन्य पदार्थ भन्दा अन्य सामाग्री बिक्रि वितरण नगर्न सल्लाह दिईएको।<br>– राम्रो भरोसा सर्जिकलको छुट्टै फर्म दर्ता गरी राख्न लिखित सल्लाह दिईएको।<br>– फार्मेसीमा डाक्टरबाट प्रदान हुने सेवा सञ्चालन नगर्न सल्लाह दिईएको। | |
| ४ | नमस्ते प्याथोलोजी | – मूल्य सूची २ (दुई) दिन भत्र तयार गरी सबैले देख्ने गरी राख्न लिखित रुपमा सल्लाह दिईएको। | |
| | | – सरसफाई राख्न सल्लाह दिईएको। | |
| ५ | अरमान मासु पसल | – सरसफाईमा ध्यान दिन लिखित रुपमा सल्लाह दिईएको। | |

नारायण प्रसाद शर्मा
संयोजक
बजार अनुगमन टोली
मितिः २०७९/१०/१८

CamScanner